Nepali | नेपाली

Australian Government
Aged Care Quality and Safety Commission

Engage
*Empower*
**Safeguard**

# तपाईंसँग गुणस्तरीय र सुरक्षित वृद्ध हेरचाहको अधिकार छ



**नयाँ वृद्ध हेरचाह ऐनले वृद्ध व्यक्तिको अधिकारलाई पहिलो स्थानमा राख्छ। यसमा वृद्ध मानिसहरूका लागि Statement of Rights [अधिकारको कथन] संलग्न छ। यी परिवर्तनहरू १ नोभेम्बर २०२५ बाट सुरु भएका छन्।**

अधिकारको कथनले तपाईं आफ्नो वृद्ध हेरचाहको केन्द्रमा रहेको सुनिश्चित गर्न मद्दत गर्नेछ । यसमा तपाईंको संस्कृति र पहिचानको सम्मान पाउने र तपाईंको समुदायसँग जोडिन पाउने अधिकार समावेश छ।

तपाईंसँग सुरक्षित र सम्मानित महसुस हुने, र तपाईंको हेरचाह गर्ने मानिसहरूबाट सम्मान र आदरका साथ व्यवहार गरिने अधिकार छ।

यसमा वित्तपोषित वृद्ध हेरचाह सेवाहरूमा पहुँच पाउने अधिकार समावेश छ जसले:

- तपाईंको पहिचान, संस्कृति र पृष्ठभूमिलाई महत्व र समर्थन दिन्छ
- कुनै पनि आघातलगायत तपाईंको अनुभवको सम्मान गर्छ
- जुन पहुँचयोग्य छन् र तपाईंको आवश्यकताहरू पूरा गर्छन्
- जुन हिंसा, दुर्व्यवहार र उपेक्षाबाट मुक्त छन्।

हाम्रो वेबसाइटमा अधिकारको कथनको बारेमा **थप जानकारी प्राप्त गर्नुहोस्**

## तपाईंको अधिकारहरू सुरक्षित छन् भनेर कसरी सुनिश्चित गर्ने?

तपाईंको प्रदायकले अधिकारको कथन बुझ्नुपर्छ र पालना गर्नुपर्छ। यदि तिनीहरूले त्यसो गरेनन् भने, तपाईंले उनीहरूसँग आफ्नो चिन्ता व्यक्त गर्न वा उजुरी गर्न सक्नुहुन्छ। प्रायः यी चीजहरू समाधान गर्ने सबैभन्दा सरल र छिटो तरिका हो।

तपाईंले आफ्नो चिन्ता व्यक्त गर्न सक्नुहुन्छ वा उजुरी आयुक्तसँग उजुरी गर्न सक्नुहुन्छ:

- **1800 951 822** सोमबारदेखि शुक्रबार बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म।
- तपाईंको राजधानी शहरमा Aged Care Quality and Safety Commission, GPO Box 9819
- www.agedcarequality.gov.au मा अनलाइन
- info@agedcarequality.gov.au

यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, हामीलाई **1800 951 822** मा फोन गर्नुहोस् र हामीलाई एउटा व्यवस्था गर्न भन्नुहोस्। तपाईं अनुवाद र दोभाषे सेवा Translating and Interpreting Service (TIS) लाई – **131 450** मा फोन गर्न सक्नुहुन्छ र तिनीहरूलाई तपाईंको लागि हामीलाई फोन गर्न अनुरोध गर्न सक्नुहुन्छ।

यदि तपाईंलाई उजुरी गर्न वा जानकारी प्राप्त गर्न मद्दत चाहिन्छ भने, नि:शुल्क, स्वतन्त्र र गोप्य सहायताको लागि Older Persons Advocacy Network (OPAN) लाई सम्पर्क गर्नुहोस्। वृद्ध हेरचाह वकालत लाइन (Aged Care Advocacy Line)लाई **1800 700 600** मा फोन गर्नुहोस्।